प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १३९ बमोजिमको प्रस्तुत निर्देशिका मुख्यमन्त्रीबाट स्वीकृत।
मुख्यमन्त्री
मिति: २०७९/०९/१३

# कर्मचारीको तह वृद्धि सम्बन्धी निर्देशिका, २०७९

प्रदेश निजामती सेवा अध्यादेश, २०७९ मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १३९ ले दिएको अधिकार प्रयोग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "**कर्मचारीको तह वृद्धि सम्बन्धी निर्देशिका, २०७९**" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"अध्यादेश"** भन्नाले प्रदेश निजामती सेवा अध्यादेश, २०७९ सम्झनु पर्छ।

(ख) **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भएका र प्रदेश निजामती सेवा भित्रका पदमा विभिन्न मन्त्रालय र निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ग) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले प्रदेश अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ङ) **"निकाय"** भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित प्रदेश अन्तर्गतका आयोग, सचिवालय, निर्देशनालय, प्रतिष्ठान, प्राधिकरण, कार्यालय, तालिम केन्द्र, आयोजनाको कार्यालय तथा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका निकाय सम्झनु पर्छ र सो शब्दले मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समेत जनाउँछ।

३. <u>तह वृद्धि गर्ने अवधिः</u> (१) कर्मचारीको तह वृद्धि प्रत्येक आर्थिक वर्षको पुष र असार महिनामा गरी बर्षको दुई पटक गरिनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा दफा ४ को उपदफा (२) बमोजिम योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्नु पर्नेछ।

४. <u>निवेदन दिनु पर्नेः</u> (१) अध्यादेश तथा यस निर्देशिका बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका र देहाय बमोजिमको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका प्रदेशका पाँचौं र सातौं तहका कर्मचारीले सम्बन्धित मन्त्रालयमा र नवौं तहका कर्मचारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तह वृद्धिका लागि निवेदन दिन सक्नेछः-

(क) पाँचौ तहबाट छैटौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण,

(ख) सातौं तहबाट आठौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण,

(ग) नवौं तहबाट दशौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण र

(घ) स्वास्थ्य सेवा अन्तर्गतको कर्मचारीको हकमा स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम योग्यता।

(२) यस दफा बमोजिम तह वृद्धिका लागि सेवा अवधि खुलाई सम्बन्धित मन्त्रालयबाट प्रमाणित गराई निवेदन दिनु पर्नेछ।

(३) समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा समायोजन हुनु पूर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा काम गरेको अवधि समेत जोडी सेवा अवधिको गणना गर्नु पर्नेछ।

५. <u>समितिको गठन, मुल्याङ्कन तथा सिफारिसः</u> (१) दफा ४ को उपदफा (१) बमोजिम तह वृद्धिका लागि प्राप्त हुन आएका निवेदन र कागजातको मूल्याङ्कन गर्न सम्बन्धित मन्त्रालयमा देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः-

(क) सचिवले तोकेको सम्बन्धित मन्त्रालयको उपसचिव वा सो सरहको तहको कर्मचारी -संयोजक

(ख) अधिकृत प्रतिनिधि, प्रदेश लोक सेवा आयोग -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) सचिवले तोकेको अधिकृत कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर दशौं तहका हकमा उपदफा (१) बमोजिमको समितिमा प्रमुख सचिवले संयोजक र सदस्य सचिव तोक्नेछ।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, विराटनगर, नेपाल

२०७९/०९/१३
मुख्यमन्त्री

(३) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रितपूर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरी दफा ६ समेतको विपरित नहुने गरी देहाय बमोजिमका कागजातका प्रतिलिपि सहित छैटौं र आठौं तहमा तह वृद्धिका लागि सम्बन्धित मन्त्रालयको सचिव समक्ष र दशौं तहमा तह वृद्धिका लागि प्रमुख सचिव समक्ष सिफारिस गर्नु पर्नेछः-

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने) र

(घ) न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्र।

(४) उपदफा (३) बमोजिम सिफारिस भएमा छैटौं र आठौं तहका लागि सम्बन्धित मन्त्रालयको सचिव र दशौं तहका लागि प्रमुख सचिवले कर्मचारीको तह वृद्धिका लागि योग्यता पूरा गरेको मितिबाट लागू हुने गरी सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम तह वृद्धि भएमा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(६) उपदफा (४) बमोजिम तह वृद्धि गरिएका कर्मचारीको विवरण सम्बन्धित मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आफ्नो वेबसाइटमा अनिवार्य राख्नु पर्नेछ।

(७) यस दफा बमोजिम तह वृद्धिका लागि गठन भएको समितिका सदस्यले मूल्याङ्कनका लागि बैठक बस्दा प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछ।

६. <u>तह वृद्धि गर्न नहुने:</u> यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलबवृद्धि वा बढुवा रोक्का भएकोमा तलबवृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर।

७. <u>चौथो तहका कर्मचारीको तह बृद्धि:</u> (१) अध्यादेश तथा यस निर्देशिका बमोजिम पाँच बर्ष अवधि पूरा भएको चौथो तहको कर्मचारी स्वतः पाँचौ तहमा वृद्धि हुनेछ।

२०७९/०९/१३
मुख्यमन्त्री

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा १३९ बमोजिमको प्रस्तुत् निर्देशिका मुख्यमन्त्रीबाट स्वीकृत।

मुख्यमन्त्री

मितिः २०७९/०९/१३

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिम तह वृद्धि गर्न नपाउने अवस्थामा बाहेक सम्बन्धित मन्त्रालयका सचिवले पाँच बर्षको अवधि पुगेका चौथो तहका कर्मचारीलाई निर्णय गरी पाँचौ तहमा तह वृद्धि गर्नु पर्नेछ।

८. <u>तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधाः</u> (१) दफा ३ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तह वृद्धि भएका कर्मचारीले मन्त्रालयले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन्।

(२) अध्यादेश र यस निर्देशिका बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाई पाई आएको तलब भन्दा घटी नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले तलव मिलान गर्नु पर्नेछ।

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान तथा निवृत्तिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>जानकारी दिनु पर्नेः</u> (१) यस निर्देशिका बमोजिम सम्बन्धित मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

(२) सम्बन्धित मन्त्रालयबाट भएको निर्णयको जानकारी सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत दिनु पर्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२०७९।०९।१३

मुख्यमन्त्री

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. १
विराटनगर, नेपाल